गोरखापत्र www.gorkhapatraonline.com
प्रदेश
२०७७ साल मङ्सिर २१ गते आइतबार
2020 December 6 Sunday


प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा

## कार्यकारी निर्देशक तथा उप-कार्यकारी निर्देशक आवश्यकता सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मितिः २०७७।०८।२१**

प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको कार्यकारी निर्देशक तथा उप-कार्यकारी निर्देशक पद खुला प्रतिस्पर्धाद्वारा पदपूर्ति गरिने भएकोले देहायको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा तथा इमेल ठेगाना **tomb@bagamati.gov.np** मार्फत आवेदन दिनुहुन सम्बन्धित सबैका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद सङ्ख्या |
|---|---|---|---|
| १. | ०३/०७७/०७८ | कार्यकारी निर्देशक | १ (एक) |
| २. | ०४/०७७/०७८ | उप-कार्यकारी निर्देशक | २ (दुई) |

१. **योग्यता तथा अनुभवः** प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को दफा १२ को उपदफा (३) बमोजिमको योग्यता कार्यकारी निर्देशकको हकमा तथा दफा १४ को उपदफा (४) बमोजिमको योग्यता उप-कार्यकारी निर्देशको हकमा हुनुपर्नेछ ।

२. **दरखास्त दिने प्रक्रियाः** उम्मेदवारले योग्यता, तालिम, अनुभव तथा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको अतिरिक्त प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को अनुसूची-१ को खण्ड (८) बमोजिमको व्यक्तिगत विवरण तथा प्राविधिक प्रस्ताव समेत संलग्न गरी सिफारिस समिति समक्ष दरखास्त पेस गर्नुपर्नेछ ।

३. **छनोट प्रक्रियाः** प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को अनुसूची-१ बमोजिम ।

४. **उमेरः** कार्यकारी निर्देशको हकमा पैंतीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको तथा उप-कार्यकारी निर्देशको हकमा तीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको ।

५. **अन्य विवरणः**

क. सिफारिस समितिले पदपूर्ति सम्बन्धी प्रक्रिया कुनै कारणले स्थगित वा रद्द गर्न सक्नेछ ।

ख. पेस भएका कागजातहरू सहि भएको स्वघोषणा (Self-Declaration) गर्नुपर्नेछ । झुठ्ठा विवरण वा कागजात पेस गरेमा आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

ग. कार्यकारी निर्देशक तथा उप-कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक तथा सेवा सुविधा प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ बमोजिम हुनेछ ।

घ. म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

दरखास्तसँग सम्बन्धित अन्य विवरण तथा बोर्डको गठन आदेश, २०७७ यस मन्त्रालयको वेबसाइट https://mopid.bagamati.gov.np/ बाट प्राप्त गर्न सकिनेछ । **थप जानकारीका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयको फोन नं. ०५७-५२१५१९**

सिफारिस समिति
भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश, हेटौंडा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमति प्रदेश, हेटौडा।

# कार्यकारी निर्देशक तथा उप-कार्यकारी निर्देशक आवश्यकता सम्वन्धि सूचना।

प्रथम पटक प्रकाशित मितिः २०७७।०८।२१

प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक तथा उप-कार्यकारी निर्देशक पद खुला प्रतिस्पर्धाद्वारा पदपुर्ति गरिने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस मन्त्रालयमा तथा ईमेल ठेगाना **tomb@bagamati.gov.np** मार्फत आवेदन दिनुहुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद संख्या |
|---|---|---|---|
| १. | ०३/०७७।०७८ | कार्यकारी निर्देशक | १ (एक) |
| २. | ०४/०७७।०७८ | उप-कार्यकारी निर्देशक | २ (दुई) |

१. <u>योग्यता तथा अनुभवः</u> प्रदेश यातायात संचालन तथा व्यवस्थापन वोर्ड (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ को दफा १२ को उपदफा (३) बमोजिमको योग्यता कार्यकारी निर्देशकको हकमा तथा दफा १४ को उपदफा (४) बमोजिमको योग्यता उप-कार्यकारी निर्देशको हकमा हुनुपर्नेछ।

२. <u>दरखास्त दिने प्रकृयाः</u> उम्मेदवारले योग्यता, तालिम, अनुभव तथा नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिको अतिरिक्त प्रदेश यातायात संचालन तथा व्यवस्थापन वोर्ड (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ को अनुसूचि -१ को खण्ड (८) वमोजिमको व्यक्तिगत विवरण तथा प्राविधिक प्रस्ताव समेत संलग्न गरी सिफारिस समिति समक्ष दरखास्त पेश गर्नुपर्नेछ।

३. <u>छनौट प्रकृयाः</u> प्रदेश यातायात संचालन तथा व्यवस्थापन वोर्ड (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ को अनुसूचि -१ बमोजिम।

४. <u>उमेरः</u> कार्यकारी निर्देशको हकमा पैंतीस वर्ष उमेर पुरा भई पचपन्न वर्ष उमेर ननाघेको तथा उप-कार्यकारी निर्देशको हकमा तीस वर्ष उमेर पुरा भई पचपन्न वर्ष उमेर ननाघेको ।

**५. अन्य विवरणः**

क. सिफारिस समितिले पदपुर्ति सम्वन्धि प्रकृया कुनै कारणले स्थगित वा रद्ध गर्न सक्नेछ।

ख. पेश भएका कागजातहरु सहि भएको स्वघोषणा (Self-Declaration) गर्नु पर्नेछ। झूठ्ठा विवरण वा कागजात पेश गरेमा आवेदन रद्ध हुनुका साथै प्रचलित कानून वमोजिम कारवाही हुनेछ।

ग. कार्यकारी निर्देशक तथा उप-कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक तथा सेवा सुविधा प्रदेश यातायात संचालन तथा व्यवस्थापन वोर्ड (स्थापना तथा कार्यसञ्चालन) आदेश, २०७७ बमोजिम हुनेछ।

घ. म्यादनाघि प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

**दरखास्त संग सम्वन्धित अन्य विवरण तथा वोर्डको गठन आदेश,२०७७ यस मन्त्रालयको वेव साईट** <u>https://mopid.bagamati.gov.np/</u> **वाट प्राप्त गर्न सकिनेछ।थप जानकारीको लागि भौतिक पूर्वाधार विकास मन्त्रालयको फोन नं. ०५७-५२१५१९।**

सिफारिस समिति
भौतिक पुर्वाधार विकास मन्त्रालय
वागमती प्रदेश, हेटौडा

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा मकवानपुर

# दरखास्त तथा स्वघोषणा (Self-Declaration)

श्रीमान् संयोजकज्यू,
सिफारिस समिति
भौतिक पूर्वाधार विकास मन्त्रालय,
(प्रदेश, यातायात सञ्चालन तथा व्यवस्थापन वोर्ड।)

मैले तहाँको विज्ञापन नं.............................को .......................................निर्देशक पदकोलागि तपशिल वमोजिमका कागजातहरु संलग्न गरी आँफैले प्रमाणित गरी दरखास्त पेश गरेको छु। मैले पेश गरेका कागजातरु सहि छन्, झुठा ठहरीएमा कानुनवमोजिम कारवाहीको लागि मञ्जुर छु।

**संलग्न हुनुपर्ने कागजातहरुः**

१. बैयक्तिक विवरण।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
३. प्रविधिक प्रस्ताव।
४. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी।
५. तालिम तथा अनुभवको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी।

**हस्ताक्षरः**

**नामः**

**ठेगानाः**

**ई-मेलः**

**फोन नं.**

**मोवाईल नं.**

# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) हेटौंडा, मकवानपुर, मंसिर १८ गते, २०७७ साल (सङ्ख्या १९


## भाग २

प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

### प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७

**प्रस्तावनाः** बागमती प्रदेशभित्र सुलभ, सहज, भरपर्दो, पहुँचयोग्य, सुरक्षित तथा गुणस्तरीय यातायात सेवा प्रदान गर्न बढ्दो सवारी चापलाई न्यूनीकरण गर्दै वातावरणमैत्री सवारी तथा यातायातका साधनको अभिवृद्धिका लागि विद्युतीय, कम इन्धन खपत हुने हाइब्रिड, कम प्रदूषण हुने वैकल्पिक वा नवीकरणीय ऊर्जाको उपयोग गर्ने सवारी साधनको सञ्चालन विकास र विस्तार गरी प्रविधिको प्रयोगका साथ यातायात प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा २०० को

उपदफा (१), (२), (३) र (४) को कार्यान्वयन गर्न वाञ्छनीय भएकोले प्रदेश सुशासन ऐन, २०७७ को दफा ५ ले दिएको अधिकारको प्रयोग गरी प्रदेश सरकारले देहाय बमोजिमको आदेश बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७" रहेको छ।

(२) यो आदेश प्रदेश राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "उप-कार्यकारी निर्देशक" भन्नाले दफा १४ बमोजिमको प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको उप-कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले "प्रदेश सुशासन ऐन, २०७७" सम्झनु पर्छ।

(ग) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ बमोजिम नियुक्त भएको प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(घ) "निर्देशक समिति" भन्नाले दफा ५ बमोजिमको प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको निर्देशक समिति सम्झनु पर्छ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(च) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना गरिएको प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "समिति" भन्नाले दफा ८ बमोजिमको प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको सञ्चालक समिति सम्झनु पर्छ।

३. **<u>प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको स्थापना र उद्देश्य</u>:** (१) प्रदेशभित्र यातायात सञ्चालन तथा व्यवस्थापन गर्न प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको स्थापना गरिएको छ।

(२) प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) काठमाडौं उपत्यका तथा प्रदेशभित्रको बढ्दो सवारी चापलाई व्यवस्थित गर्न यातायात सेवालाई प्रभावकारी बनाई यात्रुलाई भरपर्दो, सहज र सुविधायुक्त यातायातको सेवा प्रदान गर्ने,

(ख) सार्वजनिक यातायातको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनको लागि बोर्डबाट सञ्चालित सार्वजनिक सवारीमा सूचना प्रविधि जोडी प्रयोग गर्ने,

(ग) वातावरणमैत्री विद्युतीय ठूला सवारीका साधन सञ्चालन, विकास, विस्तार र व्यवस्थापन गरी यात्रुलाई थप सुविधायुक्त, सुलभ, भरपर्दो यातायातको सेवा प्रवाह गर्ने,

(घ) विद्युतीय ठूला यातायातका साधन खरिद गरी सञ्चालन तथा व्यवस्थापन गर्ने र त्यस्ता साधन प्रदेशभित्र र अन्तर प्रदेश समन्वय गरी अन्य प्रदेशसम्म विस्तार गर्ने,

(ङ) देशको आवश्यकता र अर्थतन्त्रको गतिशीलताको लागि उपयुक्त हुने खालका वातावरणमैत्री विद्युतीय, कम इन्धन खपत हुने हाइब्रिड, कम प्रदुषण हुने वैकल्पिक वा नवीकरणीय ऊर्जाको उपयोग तथा देशको भौगोलिक अवस्थितिको आधारमा उपयुक्त हुने वातावरणमैत्री विद्युतीय लगायत वैकल्पिक वा नवीकरणीय ऊर्जाबाट सञ्चालन हुने यातायातको साधनमा रुपान्तरण तथा सञ्चालनमा प्रोत्साहन एवम् प्रवर्द्धन गरी विकास र विस्तार गर्ने,

(च) खनिजजन्य इन्धनको प्रयोग हुने यातायातका साधनमा कमी ल्याई वातावरणमैत्री यातायातका साधनहरुको उपयोग बढाई वायु प्रदूषणलाई न्यूनीकरण गर्दै दिगो वातावरण संरक्षणमा योगदान पुऱ्याउने,

(छ) वातावरणमैत्री सवारी तथा यातायातसँग सम्बन्धित उद्योग व्यवसायको विकास र प्रवर्द्धन गरी स्वदेशमै प्रविधि विकास तथा रोजगारीको अवसर अभिवृद्धि गर्ने,

(ज) आवश्यकता अनुसार प्रदेशभित्र विद्युतीय रेल, मेट्रो, जल तथा रज्जु यातायात विकास तथा सञ्चालन गर्ने।

(३) बोर्डको लागि आवश्यक पर्ने जग्गा, भवन र अन्य भौतिक संरचनाको व्यवस्था प्रदेश सरकारले गर्नेछ।

४. **<u>प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकार</u>**: प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डबाट सञ्चालन तथा व्यवस्थापन हुने सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधनको लागि सम्भाव्य रुटहरू, बसको संख्या, प्रकृति, चार्जिङ स्टेसन, बस स्टेसन, बसपार्क र वित्तीय योजना समेटी गुरूयोजना तयार गरी कार्यावान्वयन गर्ने,

(ख) काठमाडौं उपत्यका तथा प्रदेशभित्र सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधन सञ्चालन तथा व्यवस्थापनको लागि बोर्डका लागि आवश्यक अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन नीति, योजना, रणनीति, कार्यविधि, निर्देशिका, मापदण्ड तयार गर्ने,

(ग) विद्युतीय सवारी साधन सञ्चालन गर्न आवश्यक विद्युतीय सवारी साधनको खरिद कार्यसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने,

(घ) बोर्डबाट सञ्चालन हुने सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधनको लामो वा छोटो दुरीका रुट तथा भाडा दर निर्धारणका लागि सम्बन्धित निकायमा पेश गर्ने,

(ङ) प्रदेशभित्र चल्ने विद्युतीय तथा अन्य सवारी साधन तोकिएको मापदण्ड तथा गुणस्तर अनुसार सञ्चालन गर्ने,

(च) सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधन सञ्चालन तथा व्यवस्थापनको लागि संघीय इकाई, सरकारी, निजी संघ संस्था तथा सहकारीहरुसँग

समन्वय, सहकार्य, साझेदारी गरी सेवा प्रवाह सम्बन्धी अध्ययन गर्ने र सञ्चालनका विभिन्न ढाँचा विकास गर्ने,

(छ) सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधन सञ्चालन तथा व्यवस्थापनको लागि वित्तीय व्यवस्थापन तथा लगानीका सम्भावना, निजीक्षेत्रको भूमिका, लगानी, सार्वजनिक निजी साझेदारी तथा सहलगानीका ढाँचा तयार गर्ने,

(ज) बोर्डले सार्वजनिक सेवा तथा विद्युतीय बस सञ्चालनको लागि प्रदेशभित्र निर्माण गरेका पूर्वाधार जस्तैः पेट्रोल पम्प, चार्जिङ स्टेसन, बस बिसौनी, शौचालय, बसपार्क, विश्राम गृह तथा अन्य सेवा सुविधाको सम्बन्धमा अध्यन गर्ने, योजना बनाउने, मापदण्ड निर्माण गर्ने र कार्यान्वयन गर्ने,

(झ) खण्ड (ज) मा उल्लेखित पूर्वाधार बोर्ड आफैले वा निजी क्षेत्रको लगानीमा वा साझेदारीमा निर्माण गरी निर्माण भएका पूर्वाधारको सेवा प्रयोग बापतको शर्त तथा सेवा शुल्क तोकी प्राप्त आम्दानीको उपयोगबाट बोर्डको वित्तीय दिगोपना सुनिश्चितता गर्ने,

(ञ) बोर्डबाट प्रभावकारी सेवा प्रवाह गर्न सूचना प्रविधिमा आधारित एकीकृत प्रणाली, नगद विहीन भाडा प्रणाली, विद्युतीय टिकट प्रणाली र वास्तविक समयमा आधारित यातायात सेवा सूचना प्रणालीको (रियल टाइम ट्रान्सपोटेसन इन्फरमेसन सिस्टम) विकास गरी कार्यान्वयन गर्ने,

(ट) बोर्डद्वारा सञ्चालित सार्वजनिक यातायात तथा विद्युतीय बससँग सम्बन्धित विवरण नियमित रुपमा संकलन, अभिलेखन, अद्यावधिक गरी सार्वजनिक गर्ने,

(ठ) वातावरणमैत्री विद्युतीय, कम इन्धन खपत हुने हाइब्रिड, कम प्रदूषण हुने बैकल्पिक वा नवीकरणीय ऊर्जाको उपयोग तथा देशको भौगोलिक अवस्थितिको आधारमा उपयुक्त हुने वातावरणमैत्री विद्युतीय लगायत वैकल्पिक वा नवीकरणीय ऊर्जाबाट सञ्चालन हुने यातायातको साधनमा रुपान्तरण तथा सञ्चालनमा प्रोत्साहन एवम् प्रवर्द्धन गरी विकास र विस्तार गर्ने,

(ड) सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी विषयमा मन्त्रालयलाई आवश्यक प्राविधिक सहयोग गर्ने र मन्त्रालयको निर्देशन अनुसार अन्य कार्य गर्ने।

५. **निर्देशक समिति**ः (१) प्रदेश यातायात व्यवस्था बोर्ड सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक मार्गदर्शन गर्न एक निर्देशक समिति रहनेछ।

(२) निर्देशक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मुख्यमन्त्री -अध्यक्ष

(ख) मन्त्री, मन्त्रालय -सदस्य

(ग) प्रमुख सचिव -सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ङ) सचिव, मन्त्रालय -सदस्य

(च) कार्यकारी निर्देशक, बोर्ड -सदस्य

(छ) निर्देशक, यातायात पूर्वाधार तथा व्यवस्था निर्देशनालय -सदस्य-सचिव

६. **निर्देशक समितिको बैठक र निर्णयः** (१) निर्देशक समितिको बैठक कम्तीमा वर्षको दुई पटक बस्नेछ।

(२) निर्देशक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) निर्देशक समितिको बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले निर्देशक समितिका सबै सदस्यलाई दिनेछ।

(४) निर्देशक समितिमा तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा निर्देशक समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) निर्देशक समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा मन्त्रीले निजको समेत अनुपस्थितिमा प्रमुख सचिवले गर्नेछ।

(६) निर्देशक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) सदस्य-सचिवले निर्देशक समितिको बैठकको निर्णय प्रमाणित गर्नेछ।

(८) निर्देशक समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार कुनै विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम आमन्त्रित विज्ञले बैठकमा उपस्थित भए बापत बैठक भत्ता र बैठकमा उपस्थित भएको दिनको यातायात खर्च पाउनेछ।

(१०) निर्देशक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

७. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार</u>:** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन नीति स्वीकृत गर्ने,

(ख) बोर्ड सञ्चालनका लागि आवश्यक मार्गदर्शन प्रदान गर्ने,

(ग) बोर्डको कार्यक्रम सञ्चालनका लागि कार्यविधि, निर्देशिका, मापदण्ड स्वीकृत गर्ने,

(घ) बोर्ड र विभिन्न निकाय बीच समन्वय र सहकार्यका लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) बोर्डले सञ्चालन गरेका कार्यक्रमको समीक्षा गरी सुधारका लागि निर्देशन प्रदान गर्ने,

(च) बोर्ड सञ्चालनका लागि अन्य आवश्यक निर्देशन दिने।

८. **<u>सञ्चालक समिति</u>:** (१) बोर्ड सञ्चालनका लागि एक सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) महाशाखा प्रमुख, प्रशासन महाशाखा, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(ग) निर्देशक, यातायात पूर्वाधार तथा व्यवस्था निर्देशनालय -सदस्य

(घ) महाशाखा प्रमुख, यातायात

व्यवस्थापन महाशाखा, मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयले मनोनीत गरेका दुई जना विज्ञ -सदस्य

(च) कार्यकारी निर्देशक, बोर्ड -सदस्य-सचिव

९. **मनोनित सदस्यको नियुक्ति, पदावधी तथा पदमुक्तिः** (१) दफा ८ को उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यको मनोनयन मन्त्रालयबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः मनोनयन हुन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मनोनीत सदस्यलाई मन्त्रालयले जनुसुकै बखत पदबाट हटाउन सक्नेछ।

तर यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(४) उपदफा (३) बमोजिम कुनै सदस्य पदमुक्त भएमा वा निजले आफ्नो पदबाट राजीनामा दिएमा निजको स्थानमा बाँकी अवधिको लागि अर्को ब्यक्तिलाई मनोनीत गर्न सकिनेछ।

१०. **सञ्चालक समितिको बैठक र निर्णयः** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सञ्चालक समितिको बैठक हुनुभन्दा कम्तीमा तीन दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना सदस्य-सचिवले सञ्चालक समितिका सबै सदस्यलाई दिनेछ।

(४) सञ्चालक समितिमा अध्यक्ष सहित तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा सञ्चालक समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(६) सदस्य-सचिवले सञ्चालक समितिको बैठकको निर्णय प्रमाणित गर्नेछ।

(७) सञ्चालक समितिले आफ्नो बैठकमा आवश्यकता अनुसार कुनै विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(८) दफा ८ को उपदफा (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यले बैठकमा उपस्थित भए बापत बैठक भत्ता र बैठकमा उपस्थित भएको दिनको यातायात खर्च पाउनेछ।

(९) सञ्चालक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

११. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बोर्डबाट सञ्चालन गरिने कार्यक्रम सम्बन्धी नीति निर्माण गर्ने,

(ख) बोर्डको विद्युतीय सवारी साधन सम्बन्धी गुरूयोजना, योजना, वार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) बोर्डको तर्फबाट गर्नुपर्ने कुनै कार्य गर्न आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्ने,

(घ) बोर्डबाट भए गरेका कार्यको अनुगमन, मूल्याङ्कन र समीक्षा गर्ने वा गराउने,

(ङ) निर्देशक समितिको निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(च) बोर्ड सञ्चालनको लागि अन्य आवश्यक कार्य गर्ने।

१२. **कार्यकारी निर्देशकः** (१) बोर्डको प्रमुखको रुपमा कार्य गर्न तथा दैनिक प्रशासन सञ्चालन तथा कार्य सम्पादन गर्न एक प्रमुख कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशक बोर्डमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ ।

(३) कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) यातायात, सडक, इन्जिनियरिङ्ग, व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको,

(घ) पैंतीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(च) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

(४) कार्यकारी निर्देशको नियुक्तिका लागि छनौट गरी प्रदेश सरकार समक्ष सिफारिस गर्न सञ्चालक समितिको अध्यक्षको संयोजकत्वमा, मन्त्रालयले तोकेको प्राज्ञिक क्षेत्रसँग सम्बन्धित

विषय विज्ञ र मन्त्रालयले तोकेको मन्त्रालयको महाशाखा प्रमुख रहेको तीन सदस्यीय सिफारिस समिति रहेनेछ।

(५) उपदफा (४) बमोजिमको समितिले प्रतिस्पर्धाको आधारमा अनुसूची-१ बमोजिमको कार्यविधि पूरा गरी कार्यकारी निर्देशकको नियुक्तिका लागि तीन जना व्यक्तिको नाम सिफारिस गर्नेछ।

तर कम उम्मेदवार दरखास्त परेको अवस्थामा कम संख्या सिफारिस गर्न बाधा परेको मानिने छैन।

(६) उपदफा (५) बमोजिम सिफारिस भएका व्यक्तिमध्ये एक जनालाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ।

(७) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ ।

(८) देहायको अवस्थामा कार्यकारी निर्देशको पद रिक्त भएको मानिनेछः-

(क) उपदफा (३) बमोजिम अयोग्य भएमा,

(ख) निजले प्रदेश सरकार समक्ष लिखित राजीनामा दिई उक्त राजीनामा प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएमा,

(ग) कार्यक्षमताको अभाव, खराव आचरण वा निजको कार्य सम्पादनको स्तर सन्तोषजनक नभई प्रदेश सरकार मन्त्रिपरिषदले निजलाई हटाएमा,

(घ) निजको पदावधि पूरा भएमा,

(ङ) निजको मृत्यु भएमा।

(९) उपदफा (८) को खण्ड (ग) बमोजिम हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(१०) यस दफा बमोजिम नियुक्त हुने कार्यकारी निर्देशको पारिश्रमिक र अन्य सुविधा अनुसूची-२ बमोजिम हुनेछ।

(११) कार्यकारी निर्देशकसँग सञ्चालक समितिको अध्यक्षले मूल्याङ्कनका स्पष्ट सूचक सहितको कार्यसम्पादन सम्झौता गर्नेछ।

(१२) कार्यकारी निर्देशक नियुक्ति भई पदावधि समाप्त भएको मितिले दुई वर्षसम्म आफू बोर्डमा रहेको अवधिमा यस कार्यविधि बमोजिम साझेदारी लगानीसँग सम्बन्धित क्षेत्रमा संलग्न हुन पाउने छैन।

(१३) यस दफा बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि मन्त्रालयले एघारौं तहको अधिकृतलाई बोर्डको कार्यकारी निर्देशकको रुपमा कामकाजका लागि खटाउने छ।

**१३. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>:** (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रचलित कानूनको अधीनमा रही बोर्डको कार्यकारी प्रमुखको हैसियतले प्रशासकीय र आर्थिक प्रमुखको रुपमा काम गर्ने,

(ख) सञ्चालक समितिको निर्णय तथा निर्देशनको अभिलेख राख्ने तथा कार्यान्वयन गर्ने, गराउने,

(ग) बोर्डको रणनीतिक तथा आवधिक योजना तथा मानव संशाधन विकासको योजना, वित्तीय योजना र व्यवसायीक योजना आदि तयार गरी

स्वीकृतिका लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(घ) वार्षिक बजेट तथा कार्यक्रम तयार गरी स्वीकृतिको लागि सञ्चालक समिति समक्ष पेश गर्ने,

(ङ) स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(च) बोर्डको वार्षिक तथा आवधिक प्रगति विवरण सञ्चालक समिति समक्ष पेश गर्ने,

(छ) बोर्डको कोषको रेखदेख, नियन्त्रण, सम्पत्तिको स्याहार, प्रभावकारी सञ्चालन, मर्मत संभार र व्यवस्थापन गर्ने गराउने,

(ज) बोर्डको लेखा परीक्षण गराउने,

(झ) बोर्डको प्रभावकारी सञ्चालन र व्यवस्थापनको लागि नेपाल सरकार संघीय इकाई र अन्य निकाय बीच समन्वय तथा सम्पर्क अधिकारीको रुपमा काम गर्ने,

(ञ) बोर्डबाट सञ्चालित सार्वजनिक यातायात, विद्युतीय सवारीको व्यावसायीक तबरले, उच्च गुणस्तरको सेवा प्रदान गरी प्रभावकारी सञ्चालन र व्यवस्थापन गर्न नेतृत्वदायी भूमिका खेल्ने,

(ट) सञ्चालक समितिको सदस्य-सचिवको रुपमा कार्य गर्ने,

(ठ) सञ्चालक समितिले तोकिदिएको बोर्ड सञ्चालन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) कार्यकारी निर्देशकले बोर्डमा कार्यरत कर्मचारी तथा बोर्डको स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने विज्ञहरूसँग मापन योग्य सूचकका आधारमा कार्यसम्पादन सम्झौता गर्न सक्नेछ।

१४. **<u>उप-कार्यकारी निर्देशकः</u>** (१) बोर्डमा दुई जना उप-कार्यकारी निर्देशक रहनेछन्।

(२) उप-कार्यकारी निर्देशकका लागि मन्त्रालयले नवौं/दशौं तहको अधिकृतलाई कामकाजका लागि खटाउने छ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सम्बन्धित क्षेत्रको नवौं/दशौं तहको उप-कार्यकारी निर्देशकको उपलब्धता मन्त्रालयसँग नभएमा मन्त्रालयले उप-कार्यकारी निर्देशको नियुक्ति खुल्ला प्रतिस्पर्धाको आधारमा दफा १२ को उपदफा (४) बमोजिमको सिफारिस समितिको सिफारिसमा गर्नेछ।

(४) उप-कार्यकारी निर्देशकको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ग) यातायात, सडक, इन्जिनियरिङ्ग, व्यवस्थापनको क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको,

(घ) तीस वर्ष उमेर पूरा भई पचपन्न वर्ष उमेर ननाघेको,

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय नपाएको,

(च) नियुक्त हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको।

(५) उपदफा (३) बमोजिम नियुक्त हुने उप-कार्यकारी निर्देशकको छनौटको प्रक्रिया पारिश्रमिक र अन्य सुविधा अनुसूची -३ बमोजिम हुनेछ।

(६) उप-कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज अर्को एक अवधिका लागि पुनः नियुक्त हुन सक्नेछ।

तर उपदफा (२) बमोजिमको कर्मचारी नियुक्त भई मन्त्रालयले बोर्डमा खटाएमा यस दफा बमोजिम नियुक्त भएको उप-कार्यकारी निर्देशको पद स्वत समाप्त हुनेछ ।

(७) देहायको अवस्थामा यस दफा बमोजिम नियुक्त उप-कार्यकारी निर्देशको पद रिक्त भएको मानिनेछः-

(क) उपदफा (४) बमोजिम अयोग्य भएमा,

(ख) निजले मन्त्रालय समक्ष लिखित राजीनामा दिई उक्त राजीनामा मन्त्रालयबाट स्वीकृत भएमा,

(ग) कार्य क्षमताको अभाव, खराव आचरण वा निजको कार्य सम्पादनको स्तर सन्तोषजनक नभई मन्त्रालयले निजलाई हटाएमा,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरेमा,

(ङ) निजको पदावधी पूरा भएमा,

(च) उपदफा (२) बमोजिम मन्त्रालयबाट उप-कार्यकारी निर्देशकको रुपमा कर्मचारी खटी आएमा,

(छ) निजको मृत्यु भएमा।

(८) उपदफा (७) को खण्ड (ग) बमोजिम हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

(९) उप-कार्यकारी निर्देशकसँग सञ्चालक समितिको अध्यक्षले मूल्याङ्कनका स्पष्ट सूचक सहितको कार्यसम्पादन सम्झौता गर्नेछ।

(१०) उप-कार्यकारी निर्देशक नियुक्ति भई पदावधि समाप्त भएको मितिले दुई वर्षसम्म आफू बोर्डमा रहेको अवधिमा यस कार्यविधि बमोजिम साझेदारी लगानीसँग सम्बन्धित क्षेत्रमा संलग्न हुन पाउने छैन।

(११) उप-कार्यकारी निर्देशकको कार्यविधिमा उल्लेख गरिएको काम, कर्तव्य र अधिकार बाहेक उप-कार्यकारी निर्देशको अन्य काम कर्तव्य र अधिकार बोर्डले तोके बमोजिम हुनेछ।

**१५.** **<u>संगठन संरचना र दरबन्दी</u>:** बोर्डको सङ्गठन संरचना तथा दरबन्दी अनुसूची-४ बमोजिम हुनेछ।

**१६.** **<u>बोर्डमा अन्य कर्मचारी सम्बन्धी व्यवस्था</u>:** (१) बोर्डको लागि आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउनेछ।

(२) बोर्डले आवश्यक कर्मचारीको लागि मन्त्रालयलाई अनुरोध गर्नेछ।

(३) बोर्डले प्रदेश सरकारबाट उपलब्ध हुन नसकेका कर्मचारी मन्त्रालयले प्रचलित कानून बमोजिम करार सेवाबाट प्राप्त गर्नेछ।

(४) बोर्डले कार्यरत कर्मचारीको लागि कार्यसम्पादनमा आधारित रही प्रचलित तलब मानको तेत्तीत प्रतिशतसम्म प्रोत्साहन भत्ता दिनेछ। यस्तो प्रोत्साहन भत्ता दिने सम्बन्धी कार्यविधि मन्त्रालयले बोर्डको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

१७. **बोर्डको खाता, बजेट, लेखा र लेखा परीक्षणः** (१) बोर्डको लागि आवश्यक बजेट मन्त्रालयले उपलब्ध गराउने छ।

(२) बोर्डको खाता सञ्चालन प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन र सो अन्तर्गत बनेका नियमावली बमोजिम हुनेछ।

(३) बोर्डको आम्दानी खर्चको हिसाब प्रदेश सरकारको लेखा प्रणाली बमोजिम राखिनेछ।

(४) बोर्डको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखापरीक्षकबाट हुनेछ।

(५) मन्त्रालयले बोर्डको आय व्ययको लेखा, तत् सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत निरीक्षण गर्न वा गराउन सक्नेछ।

१८. **शपथ ग्रहणः** यस कार्यविधि बमोजिम नियुक्त हुने कार्यकारी निर्देशक र उप-कार्यकारी निर्देशकले कार्यभार समाल्नु अघि अनुसूची-५ बमोजिमको ढाँचामा कार्यकारी निर्देशकले मन्त्रालयको मन्त्री समक्ष र उप-कार्यकारी निर्देशकले बोर्डको कार्यकारी निर्देशक समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

१९. **<u>वार्षिक प्रतिवेदनः</u>** (१) बोर्डले आफूले वर्ष भरी सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराका अतिरिक्त बोर्डले सवारी सञ्चालन गरी प्राप्त गरेको रकम, कार्यक्रम सञ्चालन गर्दा भएको खर्च, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका कुराहरू समावेश गर्नु पर्नेछ।

२०. **<u>अधिकार प्रत्यायोजनः</u>** (१) सञ्चालक समितिले यस आदेश बमोजिम आफूलाई प्राप्त भएका अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कार्यकारी निर्देशकले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार आफू मातहतका अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२१. **<u>प्रदेश सरकारसँग सम्पर्कः</u>** बोर्डले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्नेछ।

२२. **<u>बोर्डको कार्यालयः</u>** बोर्डको मुख्य कार्यालय हेटौंडामा रहनेछ।

अनुसूची-१

(दफा १२ को उपदफा (५) सँग सम्बन्धित)

**कार्यकारी निर्देशकको छनौट प्रक्रिया**

१. कार्यकारी निर्देशकको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कार्यकारी निर्देशकले दफा ३ बमोजिमको बोर्डको उद्देश्य, दफा ४ अनुसारको बोर्डको काम कर्तव्य र अधिकार प्रभावकारी रुपमा सम्पादन गर्न दफा १३ मा उल्लेखित काम, कर्तव्य र अधिकार हुने गरी कार्यकारी निर्देशक खुल्ला प्रतिस्पर्धाबाट छनौट गर्न मन्त्रालयले सूचना प्रकाशन गर्नेछ ।

(ख) इच्छुक उम्मेदवारले सूचना प्रकाशित भए पश्चात प्राप्त सूचनामा उल्लेख भए बमोजिमका सबै आवश्यक कागजात र जानकारीका साथ निर्धारित ढाँचामा तोकिएको समयभित्र प्रस्ताव पेश गर्न सक्नेछन्।

(ग) प्राप्त विवरणको मूल्याङ्कन तथा जाँच गरी उत्कृष्ट अंक प्राप्त गर्ने तीन जनाको नाम दफा १२ को उपदफा (४) बमोजिमको सिफारिस समितिले छनोट गर्नेछ।

२. व्यक्तिगत विवरण र प्राविधिक प्रस्ताव मूल्याङ्कनको आधारमा पहिलो चरणबाट उत्तम कम्तीमा पाँच जना उम्मेदवार संक्षिप्त सूचीमा सूचीबद्ध हुनेछन् र उनीहरूको प्रस्तावमा प्रस्तुतीकरण/अन्तर्वार्ताको लागि आमन्त्रित गरिने छ।

तर कम उम्मेदवारको आवेदन परेको अवस्थामा कम संख्यामा सिफारिस गर्न बाधा पर्ने छैन।

३. पहिलो चरणबाट छनौट भएका उम्मेदवारहरूको समग्र मूल्याङ्कन व्यक्तिगत विवरण, प्रविधिक प्रस्ताव र प्रस्तुतीकरण/अन्तर्वार्ताको आधारमा गरिने छ। जसको लागि अङ्क भार देहाय बमोजिम हुनेछः

(क) व्यक्तिगत विवरण - बीस अङ्क।

(ख) पेश गरिएको प्राविधिक प्रस्ताव - पचास अङ्क।

(ग) प्रस्तुतीकरण/अन्तर्वार्ता - तीस अङ्क गरी कुल जम्मा —एक सय अङ्क।

४. छनौट/सिफारिस समितिको उपस्थितिमा प्रस्तुतीकरणमा प्रश्न-उत्तर सत्रका साथै अन्तर्वार्ता पनि समावेश हुनेछ । छनौट समितिले आवश्यक परेमा विशेषज्ञहरूलाई समेत आमन्त्रित गर्न सक्नेछ। प्रस्तुतीकरण र प्रश्न उत्तर सत्रमा प्रत्येक उम्मेदवारको लागि कूल समय एक घण्टाको हुनेछ।

५. छनौट समितिले तीन उत्कृष्ट उम्मेदवारलाई क्रमश वर्णानुक्रम अनुसार मन्त्रालयमा सिफारिस गर्नेछ। मन्त्रालयले यी तीन उत्कृष्ट उम्मेदवारलाई नियुक्तिको लागि प्रदेश सरकार समक्ष पेश गर्नेछ । प्रदेश सरकारले तीन मध्ये एक उम्मेदवार नियुक्त गर्नेछ।

६. प्रदेश सरकार बाट नियुक्त भएको कार्यकारी निर्देशकसँग मन्त्रालयले कार्य सम्झौता करार गरी कार्य जिम्मेवारी तोक्नेछ ।

७. कार्यकारी निर्देशकले पेश गर्नु पर्ने व्यक्तिगत विवरणको ढाँचा देहाय बमोजिम हुनेछः-

**<u>व्यक्तिगत विवरणको ढाँचा</u>**

व्यक्तिगत विवरण पाँच पृष्ठमा नबढ्ने गरी अंग्रेजी वा नेपालीमा प्रस्तुत गर्न सकिने छ।नेपलीमा भए युनिकोड फण्टको ११ साइजमा अंग्रेजीमा भए एरियल फण्टको ११ साइजमा तयार गर्नु पर्नेछः-

नामः-

पेशाः-

जन्म मितिः-

कुनै पेशागत सामाजिक संस्थाको सदस्यता भएमा जनाउनेः-

शैक्षिक योग्यता विवरणः-

तालिमको विवरणः-

भाषागत ज्ञानको (अन्य भाषाको जानकारी भएमा सो समेत उल्लेख गर्ने) विवरणः-

तालिम र अन्य भाषाको ज्ञान भएमा सोको प्रमाणः-

अनुभवको विवरणः-

मैले पेश गरेको विवरण ठिक साँचो हो । फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

उम्मेदवारको नामः-

दस्तखतः-

मितिः-

८. कार्यकारी निर्देशकले पेश गर्नु पर्ने प्राविधिक प्रस्तावको ढाँचा देहाय बमोजिम हुनेछः-

उम्मेदवारले तीन हजार शब्दमा नबढ्ने गरी देहाय बमोजिमको प्राविधिक प्रस्ताव पेश गर्नु पर्नेछः-

| सि.नं. | विवरण | शब्द संख्या | भारित प्रतिशत (कुल पचास प्रतिशत) |
|---|---|---|---|
| (क) | कार्यकारी निर्देशकको कार्य क्षेत्रगत विवरण बुझी विश्लेषण सहित सुधारको प्रस्तुती | ३०० | ५ |
| (ख) | बागमती प्रदेशको विद्यमान यातायात प्रणालीको समीक्षा, बर्तमानका समस्या, चुनौती र तिनको समाधानका उपाय | ३०० | १० |
| (ग) | बोर्डको लागि भविष्यमा गर्नुपर्ने कार्य, नवीन परिवर्तन र प्रवर्धनको लागि योजनाको खाका | ७५० | ५ |
| (घ) | यातायात क्षेत्रको रणनीतिक सुधार/सार्वजनिक यातायातको परिचय, विद्युतीय सवारीको सञ्चालन र व्यवस्थापनको अवधारणा | ७५० | १० |
| (ङ) | साधन स्रोतको परिचालन, साझेदारी र वित्तीय व्यवस्थापनको कार्यनीति | ३०० | ५ |
| (च) | समयबद्ध कार्य योजना र अपेक्षित नतिजा (प्रभाकारी रुपमा यातायात व्यवस्थापन र विद्युतीय सवारी सञ्चालन र व्यवस्थापनको कार्यान्वयको लागि) | ३०० | १० |
| (छ) | यस क्षेत्रको कार्यसम्पादन, सञ्चालन र प्रभावकारी | ३०० | ५ |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापनका लागि मन्त्रालय, प्रदेश सरकार र अन्य संघीय इकाईसँगको समन्वय तथा कार्य सम्बन्ध | | |

उम्मेदवारले रेखा-चित्र, मानचित्र लगायत अन्य विवरण समेत माथिको विवरण साथ पेश गर्न सक्नेछन्।

अनुसूची-२

(दफा १२ को उपदफा (१०) सँग सम्बन्धित)

**कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा**

१. कार्यकारी निर्देशकको पारिश्रमिक तथा सेवा सुविधा देहाय बमोजिम हुनेछः-

| क्र.सं. | शीर्षक | इकाई | रकम/सुविधा |
|---|---|---|---|
| (क) | पारिश्रमिक(मासिक) | रु. | ४७,३८०।- |
| (ख) | घरभाडा (मासिक) | रु. | २०,०००।- |
| (ग) | पोशाक (वर्षको एकपटक) | रु. | १०,०००।- |
| (घ) | चाडपर्व खर्च (वर्षको एकपटक) | रु. | एक महिनाको तलब बराबर |
| (ङ) | टेलिफोन (मासिक) मोबाइल | रु. | २,०००। |
| (च) | सवारी साधन (चालक र मर्मत खर्च समेत) | - | उपलब्ध गराउने। |
| (छ) | स्वदेश भ्रमण भत्ता (प्रतिदिन) | रु. | २,०००।- |
| (ज) | विदेश भ्रमण भत्ता (प्रतिदिन) | अमेरिकी डलर | १७५।- |
| (झ) | डिजेल/पेट्रोल | मासिक (लिटर) | ७० |
| (ञ) | मोबिल | त्रैमासिक (लिटर) | ५ |
| (ट) | नेतृत्व तथा कार्य सम्पादन भत्ता (लिडरसिप एण्ड परफरमेन्स एलोएन्स) (मासिक) | रु १,००,०००/- | अधिकतम एक लाख रुपैयाँ |

२. कार्य सम्पादनमा आधारित नेतृत्व तथा कार्यसम्पादनको उच्च स्तर भत्ता (लिडरसिप एण्ड परफरमेन्स एलोएन्स) को लागि मन्त्रालयले योगदान पुऱ्याउनु पर्ने क्षेत्र (की प्रफर्मेन्स एरिया) र सूचक (की प्रफर्मेन्स इन्डिकेटर) समावेश गरी एक छुट्टै बार्षिक रुपमा कार्यसम्पादनमा आधारित करार सम्झौता गर्नेछ। उक्त सम्झौतामा सेवा विस्तार तथा प्रभावकारी सेवा सञ्चालन तथा व्यवस्थापन, बोर्डको संस्थागत विकास, वित्तीय मितव्ययिता तथा प्रगति जस्ता विषय प्रमुखरुपमा रहने छ । जसको लागि नेतृत्व सूचकको आधार

वार्षिक रूपमा तयार गरी तोकिएका सूचकबाट प्राप्त अङ्कको आधारमा मूल्याङ्कन गरी वार्षिक रुपमा नेतृत्व तथा कार्यसम्पादनको उच्चस्तर भत्ता सूचक दिइने छ । सो कार्यसम्पादन करार समितिले मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गराउनु पर्नेछ ।

| क्र. सं. | नेतृत्व तथा कार्य सम्पादन सूचकको प्रगति | नेतृत्व तथा कार्यसम्पादन भत्ता (Leadership and Performance Allowance) (मासिक) |
|---|---|---|
| (क) | नब्बे प्रतिशत भन्दा बढी सूचक बमोजिमको अंक प्राप्त गरेमा | सत प्रतिशत, |
| (ख) | एकासीदेखि नब्वे प्रतिशतसम्मको सूचक बमोजिमको अंक प्राप्त गरेमा | नब्बे प्रतिशत |
| (ग) | एकत्तरदेखि असी प्रतिशतसम्मको सूचक बमोजिमको अंक प्राप्त गरेमा | असी प्रतिशत |
| (घ) | एसट्ठीदेखि सत्तरीसम्मको सूचक बमोजिमको अंक प्राप्त गरेमा | सत्तरी प्रतिशत |
| (ङ) | एकाउन्नदेखि साठी प्रतिशतसम्मको सूचक बमोजिमको अंक प्राप्त गरेमा | साठी प्रतिशत |
| (च) | पचाश प्रतिशत भन्दा कम सूचक बमोजिकको अंक प्राप्त गरेमा | कुनै पनि भत्ता पाउने छैन |

३. समितिले बार्षिक वा अर्धबार्षिक मूल्याङ्कन गरी उक्त भत्ता मासिक रुपमा दिने व्यबस्था मिलेउनेछ।

<u>द्रष्टव्यः</u>

१. यूरोपियन मुलुकहरू, अष्ट्रेलिया, न्यूजिल्याण्ड, अमेरिका, क्यानडा, कुवेत, उत्तर कोरिया, जापान, हङ्कङ्ग, रुस, कतार, जाम्बिया, यू.ए.इ., सिंगापुर, लेबनान, बहराइनको भ्रमण गर्दा माथि उल्लेखित दरमा तेत्तीस प्रतिशत थप रकम दिइनेछ ।

२. विदेश भ्रमण गर्दा भारतको चेन्नई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात

बिताउनु पर्दा माथि उल्लेखित दरको पचास प्रतिशत रकम मात्र दिइनेछ। अन्य देशको हकमा माथिको दररेट अनुसार नै हुनेछ ।

३. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट दैनिक भत्ता बापतको रकम उपलब्ध गराइएको अवस्थामा उल्लेखित दैनिक भ्रमण भत्ता बापतको रकम उपलब्ध गराइने छैन।

४. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना बस्न र यातायात खर्च मात्र दिएकोमा दैनिक भ्रमण भत्ताको पच्चीस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

५. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट बस्न मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको तेत्तीस प्रतिशत रकम उपलब्ध गराइनेछ ।

६. विदेश भ्रमण गर्दा आमन्त्रण गर्ने राष्ट्रको सरकार वा कुनै संस्थाबाट खाना मात्र उपलब्ध भएमा दैनिक भ्रमण भत्ताको छैंसठ्ठी प्रतिशत रकम उपलब्ध गराइनेछ ।

अनुसूची-३

(दफा १४ को उपदफा (५) सँग सम्बन्धित)

**उप-कार्यकारी निर्देशकको छनौट प्रक्रिया, पारिश्रमिक तथा सुविधा**

१. अनुसूची-१ मा उल्लेख भए अनुसारकै ढाँचामा उप-कार्यकारी निर्देशकको छनौट गरिने छ ।


२. उप-कार्यकारी निर्देशकको पारिश्रमिक तथा सुविधा देहाय बमोजिम हुनेछः-

| क्र.सं. | शीर्षक | इकाई | रकम/सुविधा |
|---|---|---|---|
| १. | पारिश्रमिक (मासिक) | रु. | ४०,३८०।- |
| २. | नेतृत्व तथा कार्य सम्पादन भत्ता (लिडरसिप एण्ड परफरमेन्स एलोएन्स) (मासिक) | रु.५०,०००/- | अधिकतम पचास हजार रुपैयाँ। |

३. कार्य सम्पादनमा आधारित नेतृत्व तथा कार्य सम्पादन बापतको भत्ता उपलब्ध गराउँदा अनुसूची-२ को सि.नं. २. मा उल्लेख भएकै आधारलाई मानिनेछ।

# अनुसूची-४
(दफा १५ सँग सम्बन्धित)

## बोर्डको सङ्गठन संरचना




**करारमा लिने कर्मचारीको विवरण**

हलुका सवारी चालक-३

कार्यालय सहयोगी-२

**नोटः** यो आदेश बमोजिम यातायात सेवा सञ्चालन गर्दा आवश्यक पर्ने चालक, सहचालक तथा अन्य कर्मचारी सवारी साधनको संख्या तथा यातायात सञ्चालन गर्ने रुट संख्याको आधारमा वोर्डको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई मन्त्रालयले स्वीकृत गरे बमोजिम करारमा लिईने छ।

## (क) बोर्डको दरबन्दी तेरिज

| क्र.सं. | पद | सेवा | समूह | तह | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | कार्यकारी निर्देशक | - | - | - | १ | |
| २. | उप-कार्यकारी निर्देशक | - | - | - | १ | |
| ३. | उप-कार्यकारी निर्देशक | - | - | - | १ | |
| ४. | सिभिल इन्जिनियर | इन्जिनियरिङ्ग | सिभिल | अधिकृत सातौं | १ | |
| ५. | मेकानिकल इन्जिनियर | इन्जिनियरिङ्ग | मेकानिकल | अधिकृत सातौं | २ | |
| ६. | कम्प्युटर इन्जिनियर | इन्जिनियरिङ्ग | कम्युटर | अधिकृत सातौं | १ | |
| ७. | अधिकृत | प्रशासन | प्रशासन | अधिकृत सातौं | २ | |
| ८. | लेखा अधिकृत | प्रशासन | लेखा | अधिकृत सातौं | १ | |
| ९. | सूचना प्रविधि सहायक | विविध | विविध | सहायक पाचौं | १ | |
| १०. | निजी सहायक | प्रशासन | सामान्य प्रशासन | सहायक पाचौं | १ | |
| ११. | हलुका सवारी चालक | - | - | श्रेणी विहीन | ३ | |
| १२. | कार्यालय सहयोगी | - | - | श्रेणी विहीन | २ | |
| **जम्मा** | | | | | १७ | |

नोट: यो आदेश बमोजिम यातायात सेवा सञ्चालन गर्दा आवश्यक पर्ने चालक, सहचालक तथा अन्य कर्मचारी सवारी साधनको संख्या तथा यातायात सञ्चालन गर्ने रुट संख्याको आधारमा वोर्डको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमती लिई मन्त्रालयले स्वीकृत गरे बमोजिम करारमा लिईनेछ।

## (ख) बोर्डको शाखागत कार्य विवरण

१. योजना तथा प्राविधिक महाशाखा

(क) योजना तथा खरिद शाखा

(१) अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन नीति, योजना, रणनीति, कार्यविधि, निर्देशिका मापदण्ड तयार गर्ने ।

(२) सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा काठमाडौं उपत्यका लगायत प्रदेशभित्रका जिल्लामा सम्भाव्य रुटहरू, वसको संख्या, प्रकृति, चार्जिङ स्टेसन, बस स्टेसन, बसपार्क र वित्तीय योजनाहरू समेटी गुरूयोजना तयार गर्ने साथै यस सम्वन्धमा अध्ययन अनुसन्धान सम्बन्धी कार्य गर्ने ।

(३) बोर्डबाट सञ्चालन गर्ने सवारी तथा विद्युतीय सवारी साधनको लागि लगाउनु पर्ने शुल्क, लामो वा छोटो दुरीका रुट तथा भाडा दर निर्धारणको लागि कार्य गर्ने ।

(४) बोर्डबाट सञ्चालन तथा व्यवस्थापन गर्ने सार्वजनिक यातायात तथा विद्युतीय सवारी साधनको लागि वित्तीय व्यवस्थापन तथा लगानीका सम्भावना, निजी क्षेत्रको भूमिका, लगानी, सार्वजनिक निजी साझेदारी तथा सहलगानीका ढाँचाहरु तयार गर्ने ।

(५) सार्वजनिक खरिद ऐन, नियम तथा प्रदेश सार्वजनिक खरिद नियमवावलीको अधिनमा रही खरिद शाखाको जिम्मेवारी अन्तर्गत खरिदको कार्य गर्ने ।

(६) गुरुयोजना, वार्षिक योजना तयार गरी खरिद सम्बन्धी स्पेसिफिकेसन, योजना, नक्शा, डिजाइन, विशेष आवश्यकता र अन्य विवरण तयार गरी स्वीकृत गराउने ।

(७) योजना तथा खरिद शाखा सम्बन्धी सम्पूर्ण र तोकिएका कार्यहरू गर्ने।

(ख) इन्जिनियरिङ्ग तथा यातायात पूर्वाधार शाखा

(१) सार्वजनिक यातायात पूर्वाधार जस्तैः सडक सञ्चालन, पेट्रोल पम्प, विसौनी, शौचालय, न्यूनतम पूर्वाधार, बसपार्क, अन्य सेवा सुविधा जस्ता विषयमा र विद्युतीय सवारी साधन सञ्चालनको लागि चार्जिङ स्टेसन, बस स्टेसन, बसपार्क जस्ता आवश्यक पूर्वाधारको निर्माण सम्बन्धित निकायको समन्वयात्मक ढँगबाट मापदण्ड निर्धारण, तयारी र कार्यान्वयन सम्बन्धी कार्य गर्ने ।

(२) प्रदेशको एकीकृत यातायात प्रणालीको विकास र सञ्चालन सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने, गराउने ।

(३) अनुगमन, मूल्याङ्कन र प्रणालीगत सुधारका लागि प्राविधिक सहयोग दिने।

(४) राष्ट्रिय नीति, सिद्धान्त, मापदण्ड र गुणस्तर निर्धारणभित्र रही आवश्यकताका आधारमा विभिन्न कार्यगत मापदण्ड तथा प्रशिक्षण सामग्रीको तयारी गर्ने ।

(५) अनुभव आदान-प्रदान गर्ने र सिकाई संस्थागत गर्ने ।

(६) ज्ञान सञ्चालनका सिद्धान्तका आधारमा प्रदेश स्तरको स्रोत बोर्ड र विद्वत्तायुक्त संस्थाको कार्य गर्ने।

(७) प्रदेश तहमा विषयगत क्षेत्रमा नीतिगत बहस र प्राविधिक सहयोग गर्ने।

(८) नीति निर्माण तहमा सहभागिता र मार्गदर्शनका लागि विकल्पको तयारी गर्ने ।

(९) इन्जिनियरिङ्ग तथा यातायात पूर्वाधार शाखा सम्बन्धी सम्पूर्ण र तोकिएका कार्य गर्ने ।

(ग) सूचना प्रविधि शाखा

(१) यातायात सम्बन्धी वेवसाइट तथा एप्स दैनिक रुपमा सञ्चालन गर्ने ।

(२) सवारी साधनको समय तालिका तथा सबै सवारी साधनमा जी.पी.एस्. जडान गरी सवारी गुडिरहेको यथोचित स्थानको पहिचान गर्ने ।

(३) प्रदेशभित्रका सार्वजनिक यातायातसँग सम्वन्धित विवरण नियमितरुपमा संकलन, अभिलेखन अद्यावधिक गरी त्यसको उपयोग गर्ने ।

(४) इ पेमेन्ट, क्यास रहित भुक्तानीको लागि प्रणाली विकास तथा व्यवस्थापन गर्ने ।

(५) आम्दानी र खर्च सम्बन्धी सफ्टवेर प्रणाली सञ्चालन तथा व्यवस्थापन गर्ने ।

(६) सूचना प्रविधि शाखा सम्बन्धी सम्पूर्ण र तोकिएका कार्य गर्ने ।

२. व्यवस्थापन तथा सञ्चालन महाशाखा

(क) मानव संशाधन तथा प्रशासन शाखा

(१) कर्मचारीलाई आवश्यकता अनुसार विषयगत क्षेत्रमा प्रशिक्षण र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।

(२) अनुगमन मूल्याङ्कनद्वारा कार्यसम्पादनको यकिन गरी उत्प्रेणा प्रदान गर्ने।

(३) उचित कार्यवातावरणको निर्माण गरी सीप, स्रोत र साधनको मितव्ययी तरिकाले प्रयोग गर्ने।

(४) अनुभव आदान प्रदान गर्दै संस्थागत हित तर्फ मानव संशाधनलाई उत्प्रेरित गराउने ।

(५) सञ्चारमाध्यमसँग सहकार्य गरी विचार निर्माणमा योगदान गर्ने ।

(६) आन्तरिक सञ्चालनसँग सम्बन्धित सम्पूर्ण कार्य गर्ने ।

(७) कार्यक्रम सञ्चालनका लागि आवश्यक सहयोग गर्ने ।

(८) कर्मचारी पदपूर्ति व्यवस्थापन तथा मानव संशाधनका विविध पक्ष सम्बन्धी कार्य गर्ने ।

(९) कर्मचारीको र कार्यक्रमगत जनशक्तिको अभिलेख राख्ने ।

(१०) मानव संशाधन तथा प्रशासन शाखा सम्बन्धी सम्पूर्ण र तोकिएका कार्यहरू गर्ने ।

(ख) सञ्चालन तथा मर्मत संभार साखा

(१) बोर्डबाट सञ्चालित सवारी साधनको प्रभावकारी सञ्चालनको योजना बनाई कार्यान्वयन गर्ने ।

(२) सवारी साधनको दैनिक रूपमा निरीक्षण गरी सञ्चालन योग्य भए नभएको जाँचबुझ गरी यथास्थित विवरण तयार गर्ने ।

(३) बोर्डबाट वा साझेदारीमा निर्माण भएका पूर्वाधार, बस स्टयाण्ड, चार्जिङ स्टेसन आदि सञ्चालन गर्ने र सेवा सञ्चालनका शर्त, सेवा शुल्क निर्धारण जस्ता कार्य गर्ने ।

(४) निर्माण भएका संरचनाको महत्व, उपयोग, सञ्चालन र आवश्यक मर्मत संभार गर्ने ।

(५) मर्मत संभार योजना तथा लागत अनुमान तयार गर्ने ।

(६) सवारीको दैनिक रुपमा निरीक्षण गर्ने ।

(७) मर्मत गर्न आवश्यक सवारी साधनको मर्मत गर्ने गराउने ।

(८) चालक तथा सह-चालकलाई सवारी साधन सम्बन्धी अभिमुखीकरण तालिम दिने ।

(९) सञ्चालन तथा मर्मत संभार शाखा सम्बन्धी सम्पूर्ण र तोकिएका कार्यहरू गर्ने ।

(ग) आर्थिक प्रशासन तथा वित्तीय व्यवस्थापन शाखा

(१) आर्थिक प्रशासनका सामान्य सिद्धान्त र कानून अनुसार आम्दानी र खर्चको पारदर्शी रूपमा अभिलेख राख्ने।

(२) बोर्डका लागि सार्वजनिक लगानी, निजी क्षेत्रको लगानी तथा सार्वजनिक, निजी तथा सहकारीको साझेदारी सम्बन्धी अवधारणा तयार गर्ने,

(३) संघीय इकाईको सहलगानी सम्बन्धी कार्य गर्ने ।

(४) आवधिक प्रतिवेदनहरू तयार गरी पठाउने ।

(५) बोर्डलाई आवश्यक वित्तीय व्यवस्थापन सम्वन्धी योजना बनाई कार्यान्वन गर्ने ।

(६) बोर्डको लागि वैदेशिक लगानी सम्बन्धमा विविध कार्य गर्ने ।

(७) आर्थिक प्रशासन सम्बन्धित सम्पूर्ण र तोकिएका कार्य गर्ने ।

अनुसूची-५

(दफा १८ सँग सम्बन्धित)

**शपथ ग्रहण फारामको नमूना**

म ........................................... ईश्वरको नाममा शपथ लिन्छु कि कार्यकारी निर्देशक/उप-कार्यकारी निर्देशकको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेक जाने बुझेसम्म इमान, धर्म तथा कर्तव्य सम्झी देश र प्रदेश सरकारप्रति बफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ लालच मोलाहिजा नगरी अनुशासनमा रही प्रदेश यातायात सञ्चालन तथा व्यवस्थापन बोर्ड (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ तथा प्रचलित कानून व्यवस्थाको अधीनमा रही आफ्नो कर्तव्यको पालना गर्नेछु । मलाई ज्ञात हुन आएको कुनै पनि बोर्डको गोप्य कुरा अधिकृत व्यक्तिलाई बाहेक अरु कसैलाई म बोर्डमा वहाल रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले वा संकेत गर्ने छैन।

**शपथ ग्रहण गर्ने**

**कार्यकारी निर्देशक/**

**उप-कार्यकारी निर्देशक**

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

**शपथ ग्रहण गरेको प्रमाणित गर्ने अधिकारीको**

(क) नामः-

(ख) दस्तखतः-

(ग) मितिः-

(घ) पदः- माननीय मन्त्री/कार्यकारी निर्देशक

(ङ) भौतिक पूर्वाधार विकास मन्त्रालय।

**आज्ञाले,**

**संजीव वराल**

**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।

मूल्य रु. १५।-